मानव अधिकार पत्र-चैत-असार अङ्क, २०७६

मानव अधिकार पत्र
Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार अयोग

बर्ष ५ | अङ्क-३ | २०७६ असार

# आयोगको स्थापना दिवस भव्यताका साथ मनाइयो




राष्ट्रिय मानव अधिकार आयोगले १९ औं स्थापना दिवसको अवसरमा मिति २०७६ जेठ १३ गते प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा बोल्दै सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले मानव अधिकारको सम्मान र संरक्षणमा नेपाल सरकार प्रतिबद्ध रहेकोले यसमा कसैले पनि शंका नगर्न आग्रह गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहद्वारा देशका विभिन्न ठाउँहरूमा गराइएका विष्फोटनका कारण नागरिकमा त्रास फैलिएको बताउँदै उक्त कार्य कुनैपनि दृष्टिकोणबाट राजनीतिक कार्य नभएको बताउनुभयो ।

सो क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले राष्ट्रिय मानव अधिकार आयोग पीडितमुखी र आवाजविहीनहरूको आवाजलाई प्रतिनिधित्व गर्ने संस्था रहेको स्मरण गराउँदै सोही बमोजिम आयोगले आफ्ना कार्यहरू अगाडि बढाउँदै आएको बताउनु भयो । आयोगले मानव अधिकार हनन् भएका भनिएका उजूरीहरू मध्ये यस वर्ष ७१६ वटा उजूरीमा आयोगबाट निर्णय भएको जानकारी गराउनुभयो । साथै उहाँले विगतका बर्षहरूदेखि नै मानव अधिकार उल्लङ्घनका घटनाहरू महिला हिंसा र न्यायमा पहुँच, बालबालिकाको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, वातावरण र विकासको अधिकार, जेष्ठ नागरिकको अधिकार, मानव बेचविखन, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद लगायतका विषयमा आयोगले अनुगमन, अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्दै आइरहेको स्मरण गराउनुभयो । जेष्ठ नागरिकको स्वास्थ्य सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्नका लागि यस वर्ष आयोगले जेरियाट्रिक विज्ञ समूह समेत गठन गरी कार्य शुरु गरेको जानकारी गराउनुभयो । मन्तव्यकै क्रममा उहाँले यसै वर्ष मानव अधिकार परिषद्को ४० औं उच्चस्तरीय सभालाई सम्बोधन गर्दै नेपाल सरकारका

माननीय परराष्ट्रमन्त्रीले मानव अधिकार सम्बन्धी सात ठूला महासन्धिको नेपाल पक्ष राष्ट्र भएको र ती महासन्धीहरूमा भएका प्रावधानहरूलाई नेपालको संविधान, ऐन, कानूनमा समावेश गरी अभ्यासरत रहनुका साथै द्वन्द्वकालका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न सरकारले पीडितहरूसँग बृहत परामर्श गरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश, विस्तृत शान्ति सम्झौताको मर्म र भावना बमोजिम संक्रमणकालीन न्याय सम्बन्धी कानून संशोधन गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको स्मरण गराउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को समसामयिक सुधारका लागि आयोगले तयार गरी पठाएको मस्यौदा समावेश नगरी नेपाल सरकारले संसदमा पेश गरेको विधेयकमाथि आयोगको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । साथै नेपाल सरकारबाट प्रस्तावित मिडिया काउन्सिल विधेयक हाल राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो र चिन्ताको विषय भएकोले यस सम्बन्धमा संवेदनशील बन्न नेपाल सरकारलाई आग्रह गर्नु भयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका माननीय सदस्य प्रकाश वस्तीले मानव अधिकारकर्मीहरूकै अथक प्रयास र दबाबले स्थापना भएको यस आयोग आफ्नो वयस्कता र परिपक्वतामा अभिवृद्धिका साथै दायित्वबोधको भारले पनि थिचिँदै गएको बताउनुभयो । साथै, आयोग राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मुलुकको मानव अधिकारको छविलाई उज्यालो बनाउने जिम्मेवारीमा कहिल्यै नचुक्ने विश्वास दिलाउनु भयो ।

सो क्रममा विभिन्न क्षेत्रमा क्रियाशील रही मानव अधिकारको संरक्षण र संवर्द्धनमा उपलब्धिपूर्ण योगदान पुऱ्याउनुभएका व्यक्तित्वहरू नरायण प्रसाद शर्मा र मोहन मैनालीलाई पुरष्कृत गरिएको थियो । साथै आयोगका जिम्मेवारीमा उल्लेख्य भूमिका निर्वाह गरेका तीन जना कर्मचारीहरू (मानव अधिकार अधिकृत जीवन न्यौपाने-सर्वोत्कृष्ट, मानव अधिकार अधिकृत सुबोध पोखरेल-उत्कृष्ट तथा कार्यालय सहयोगी देवेन्द्र रेग्मी) लाई पुरष्कृत गरिएको थियो ।

कार्यक्रमको सञ्चालन प्रशासकीय अधिकृत लक्ष्मी राईले गर्नुभएको थियो । कार्यक्रममा नेपाल सरकारका मन्त्रीहरू, सांसदहरू, संवैधानिक निकायका प्रमुख तथा प्रतिनिधिहरू, आयोगका पूर्व अध्यक्ष तथा सदस्यहरू, नेपाल सरकार सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, कुटनीतिक नियोग, मानव अधिकारकर्मी तथा नागरिक समाजका अगुवा, सञ्चारकर्मीहरू लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

## आयोगका पदाधिकारी तथा संवैधानिक आयोगका नवनियुक्त अध्यक्षहरूबीच छलफल



राष्ट्रिय मानव अधिकार आयोगले हालै नियुक्त हुनुभएका विभिन्न संवैधानिक आयोगका माननीय अध्यक्षहरू तथा सचिवहरूसँग मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धमा मिति २०७५ चैत ११ गते छलफल गरेको छ ।

छलफलको क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले मानव अधिकारको क्षेत्रमा आयोगले सहयोगी एवं सहजीकरणको भूमिका निर्वाह गर्न सकोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । मधेसी,

मुस्लिम, थारु, सीमान्तकृत लगायत नेपालका सम्पूर्ण नागरिकको मानव अधिकार संरक्षण गर्ने आयोगहरूको उद्देश्य रहेको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगसँग अन्य विषयगत आयोगहरूले समन्वय र सहकार्य गरी कार्य गर्नु आवश्यक रहेको धारणा राख्नुभयो । साथै, राष्ट्रिय मानव अधिकार आयोग सबै आयोगहरूसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने बताउनु भयो ।

कार्यसम्पादनको क्रममा आगामी दिनमा सबै आयोगहरूबीच आउन सक्ने कामको दोहोरोपना तथा अस्पष्टतालाई हटाउन, मानव अधिकारको संरक्षणमा थप योगदान पुऱ्याउन, भर्खरै मात्र स्थापना भएका आयोगहरूलाई आवश्यक सहयोग पुऱ्याउन राष्ट्रिय मानव अधिकार आयोगले कार्य गर्नुपर्ने वक्ताहरूले बताउनु भयो ।

छलफलमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालानन्द पौडेल, राष्ट्रिय समावेशी आयोगका माननीय अध्यक्ष डा. शान्तराज सुवेदी, मधेसी आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्त, थारु आयोगका माननीय अध्यक्ष विष्णुप्रसाद चौधरी, मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारी, राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी, राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेद भट्टराई, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिव बैकुण्ठ अर्याल, राष्ट्रिय समावेशी आयोगका सचिव वासु शर्मा पौड्याल, मधेसी आयोगका सचिव सनक के.सी, थारु आयोगका सचिव आनन्दराम रेग्मी, मुस्लिम आयोगका सचिव शम्भु बहादुर खड्का लगायत आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## राज्यबाट प्रदान गरिने सेवा सुविधामा नागरिकको पहुँच पुग्न नसकेकोमा आयोगको चिन्ता

राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेद भट्टराई सहित अधिकृतहरूको टोलीले २०७५ चैत १७ देखि २२ सम्म खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाको मानव अधिकार तथा मानव अधिकार रक्षकको अवस्था, छुवाछुत तथा जातीय विभेदको स्थिति सम्बन्धमा अनुगमन तथा सरोकारवालाहरूसँग छलफल गरेको छ। आयोगले तीनवटै जिल्लाका मानव अधिकारकर्मी तथा पत्रकारहरूलाई मानव अधिकार अनुगमन सम्बन्धमा अभिमुखीकरण समेत गरेको छ। छलफलको क्रममा ति जिल्लाहरूमा मानव अधिकारको उपभोगमा अझैपनि चुनौति कायम रहेको पाइएको छ। अनुगमनको क्रममा खोटाङका दलित जनप्रतिनिधि, दलित महिला सदस्य तथा दलित समुदायका व्यक्तिहरूको घरसम्म पुगी आयोगको टोलीले छुवाछुत तथा जातीय विभेदको स्थिति सम्बन्धमा जानकारी लिएको छ। सो क्रममा सभा, वैठक, धार्मिक, साँस्कृतिक कार्यहरू लगायत आतिथ्यताको सन्दर्भमा समेत विभेद हुने गरेको पाइएको छ ।

ज्येष्ठ नागरिकहरूले पाउनुपर्ने यातायात क्षेत्रमा ५० प्रतिशतको छुट सहुलियत प्राप्त गर्न नसकी अमर्यादित व्यवहार सहनुपरेको, विशेषगरी दलित समुदायप्रति छुवाछुत तथा जातीय विभेदको स्थिति अझै कायम रहेको, लैंगिक समानता कायम हुन नसकी महिलाहरूलाई दिइने ज्याला पुरुषको तुलनामा कम हुने गरेको, शिक्षा, भरपर्दो स्वास्थ्य जस्तो आधारभूत अधिकारबाट बालबालिका तथा आम नागरिक अझै वञ्चित रहेको, बन्य जन्तु (बाँदर र भालु) को आक्रमणबाट किसानहरूको कृषि पेशा सङ्कटमा परेको तथा जीवनको अधिकार नै समाप्त हुने गरेको पाइएको छ। घरेलु हिंसा तथा मानसिक यातना एवं गरिबीको कारणबाट आत्महत्याका घटनाहरूमा वृद्धि हुँदैगएको पाइएको छ । रोजगारीको अभावबाट युवापुस्ताहरूको पलायन, ज्येष्ठ नागरिकको जीवनयापनमा कठिनाइ एवं परिवारिक विखण्डनका घटनाहरूमा वृद्धि हुँदै गएको पाइएको छ । भ्रष्टाचारजन्य कार्य र दण्डहीनता विरुद्ध निर्भिकतापूर्वक कलम चलाउन सहजस्थिति नभएको कारण पत्रकारहरूले अभिव्यक्ति स्वतन्त्रताको अधिकार उपभोग गर्न कठिनाई भएको बताइएको छ ।

अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगले राज्यबाट प्रदान गरिएका सेवा सुविधाहरू सुलभरुपमा सम्बन्धित वर्गलाई उपलब्ध गराउन, समान कामको समान ज्याला प्राप्त गर्ने स्थिति सुनिश्चित गर्न, लैङ्गिक समानता कायम गर्न, जातीय विभेदको स्थितिलाई निर्मूल गर्न, ज्येष्ठ नागरिक एवं किसानहरूको हक संरक्षण गर्न, आवश्यक रोजगारीको हक सुनिश्चित गर्न नेपाल सरकार, स्थानीय प्रशासन तथा सरोकारवालाको ध्यानाकर्षण समेत गराएको छ ।

# मानव अधिकार र दिगो विकास लक्ष्य सम्बन्धमा अभिमुखीकरण



आयोगले मानव अधिकार र दिगो विकास लक्ष्य सम्बन्धमा मिति २०७६/२/१५ गते आयोगका कर्मचारीहरूलाई अभिमुखीकरण गरेको छ । मानव अधिकार र दिगो विकास लक्ष्यलाई सँगसँगै अगाडि बढाउन आवश्यक रहेको र सोको लागि आयोगले गर्नुपर्ने कार्यहरू सम्बन्धमा कर्मचारीहरूलाई जानकारी गराउने उद्देश्यले उक्त अभिमुखीकरणको आयोजना गरिएको हो ।

अभिमुखीकरणको उद्घाटनको क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले मानवलाई केन्द्रित गरिने कुनैपनि विषय मानव अधिकारसँग जोडिन आउने बताउनुभयो । यस सन्दर्भमा दिगो विकासका केही लक्ष्यहरू र सूचकहरू मानव अधिकारसँग सम्बन्धित भएकोले मानव अधिकारको दृष्टिकोणबाट आयोगले आफ्ना क्रियाकलापहरू अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो। अभिमुखीकरणको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका सचिव वेद भट्टराईले मानव अधिकार, शान्ति र दिगो विकास संयुक्त राष्ट्रसंघको मूल विषय भएको र आयोगको मूल नारा सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार समेत दिगो विकासका लक्ष्यसँग अन्तर्सम्बन्धित रहेको बताउनुभयो । साथै, आयोगले यस विषयलाई अगाडि बढाउने सन्दर्भमा एउटा कार्य समूह बनाएर क्रियाशील हुने जानकारी समेत गराउनु भयो ।

दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकारबाट भएका प्रयासहरू, रणनीतिहरू एवं क्रियाकलापको बारेमा नागरिकलाई जानकारी गराउने, सरकारले तोकेको मापदण्ड बमोजिमको कार्यप्रगतिको अनुगमन गर्ने प्रमुख भूमिका आयोगको हुने छलफलको क्रममा उठेको थियो। लक्ष्य नं १६ मा उल्लिखित दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने विषय मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यि विषयमा आयोगको भूमिका महत्वपूर्ण हुने धारणा विज्ञ तथा प्रशिक्षकहरूबाट राखिएको थियो ।

अभिमुखीकरणको क्रममा दिगो विकासका परिमाणात्मक लक्ष्यहरू, सूचकहरू र तिनको स्थानीयकरणको अवस्था सम्बन्धमा युएनडीपीका यामनाथ शर्मा, दिगो विकासका लक्ष्यहरूको वर्तमान कार्यान्वयन अवस्था र मार्गचित्र सम्बन्धमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष स्वर्णिम वाग्ले, मानव अधिकार र दिगो विकासबीचको अन्तरसंबन्ध र राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका सम्बन्धमा युएनडीपीका टेक टमाटा, लेखापरीक्षण र दिगो विकास लक्ष्यबीचको अन्तर्सम्बन्ध सम्बन्धमा महालेखा परिक्षकको कार्यालयका निर्देशक सत्य नारायण थापाले प्रशिक्षण दिनुभएको थियो ।

उक्त अभिमुखीकरणमा आयोगका माननीय सदस्यहरू, आयोगका निर्देशकहरू, उपनिर्देशक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# आम-उपभोक्ताको मानव अधिकार सुनिश्चित गर्न आयोगको आग्रह

उपभोक्ता अधिकारलाई नेपालको संविधान, २०७२ ले मौलिक हकको रुपमा स्थापित गरी यसको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था समेत गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगले पनि उपभोक्ताको मानव अधिकार संरक्षण र कार्यान्वयन गर्ने सवाललाई रणनीतिक योजना र बार्षिक कार्ययोजनामा समाविष्ट गरी उपभोक्ता अधिकारको अनुगमन र यस सम्बन्धमा परेका उजुरीहरू उपर निरन्तर अनुगमन र अनुसन्धान गर्दै आएको छ । अनुगमनको क्रममा आम उपभोक्ताका अधिकारहरू जोखिममा परेको अवस्थाप्रति यस आयोगको ध्यानाकर्षण हुँदै आएको छ ।

उपभोक्ताहरूले आफ्ना हकअधिकारहरूको पूर्ण रुपमा उपभोग गर्न नपाएको आयोगको अनुगमनबाट पाइएको छ । उपभोक्ता अधिकारको अनुगमन तथा नियमन गर्ने निकायहरूबाट यसको प्रभावकारी अनुगमन हुनसकेको

छैन । जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने तथा म्याद गुज्रिएका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन हुँदै आएको भनिए पनि प्रभावकारी परिणाम आउन सकेको छैन । खाद्यवस्तुको गुणस्तर तथा बिषादीको चेकजाँच गर्ने प्राविधिक तथा प्रविधिको अभावमा अनुगमन गर्ने निकायले गरेको कार्यबाट उपभोक्ता अधिकारको संरक्षण हुन नसकेको साथै भएका प्रविधिहरूको पनि उचित प्रयोग हुन सकेको छैन । कृषि लगायतका खाद्य उपजहरूको आपूर्ति तथा निकासी र मूल्य निर्धारण प्रभावकारी हुन नसक्दा उत्पादकले उचित मूल्य नपाउने र उपभोक्ताले महंगो मूल्यमा खरिद गर्नु पर्ने स्थिति रहेको छ।

स्वास्थ्य संस्थाहरूमा चिकित्सक, स्वास्थ्यकर्मी, आवश्यक उपकरण, औषधी लगायत भौतिक संरचनाहरूको अभाव यथावत छ । आर्थिक रुपमा विपन्न बर्गको स्वास्थ्य सेवामा पहुँच प्रभावकारी हुन सकेको छैन। नीजिस्तरबाट सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको अनुगमन गरी स्वास्थ्य सेवालाई जवाफदेही बनाउने सम्बन्धमा सम्बन्धित निकायले प्रभावकारी पहल गरेको पाइएको छैन। स्वास्थ्य सेवा तथा खाना पकाउने ग्याँसको आपूर्ति जस्ता अत्यावश्यकीय सेवा तथा वस्तुहरूको आपूर्ति अवरुद्ध हुँदा समेत सम्बन्धित निकायले जवाफदेहीपूर्ण ढंगबाट त्यस्ता सेवा तथा बस्तुको आपूर्तिमा प्रभावकारी पहल गरेको पाइएन ।

राजमार्गका होटलहरूमा अस्वस्थकर खाना र यात्रुहरू ठगिने प्रवृत्तिले निरन्तरता पाइरहेको छ । भ्रामक विज्ञापनलाई नियमन गर्न नसकेको एवं सिण्डिकेट र कार्टेलिङ पूर्णरूपमा नियन्त्रण हुनसकेको छैन । बैंकिङ क्षेत्रमा उपभोक्ता अधिकार विरुद्ध बैंकहरूले ऋणमा एकल निर्णयबाट ब्याज तोक्ने परिपाटी विद्यमान रहेको छ । उपभोक्ता अधिकार हनन् भएको भनी सम्बन्धित निकायमा पर्ने उजुरीहरूको अभियोजन र कारवाहीमा आम-उपभोक्ताहरूको पहुँच प्रभावकारीरुपमा स्थापित हुन नसक्दा उल्लङ्घनकर्तालाई कारवाहीको दायरामा ल्याउन सकेको पाइएन। बजार अनुगमन गर्ने केन्द्रीय, जिल्ला र स्थानीय तहका संरचनाहरूमा समन्वय, सहकार्य र एकरुपता हुन नसकेको स्थिति छ। स्थानीय तहलाई उपभोक्ता अधिकारको संरक्षणका लागि जिम्मेवारी तोकिएतापनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । उपभोक्ता शिक्षामा आम उपभोक्ताहरूको पहुँच अझै पुग्न नसकेको अवस्था विद्यमान रहेको छ ।

नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन लगायत उपभोक्ता अधिकारको लागि विद्यमान नेपाल कानून र उपभोक्ता अधिकारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गनिर्देशिका समेतको प्रभावकारी कार्यान्वयन गरी आम उपभोक्ताको मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकार, व्यावसायिक क्षेत्र र सम्बन्धित सरोकारवाला समेतलाई आयोगले विशेष आग्रह गरेको छ ।

## अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा संवेदनशील बन्न आयोगको आग्रह

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उपभोगको विषयलाई लिएर मिति २०७५ चैत १४ गते अपाङ्ग समुदायबाट काठमाडौंको जोरपाटीमा भएको प्रदर्शन सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले प्रेस विज्ञप्तिमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण सम्बन्धमा आयोगले समय-समयमा नेपाल सरकार र सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदै आएको छ । आयोगको अनुगमन तथा अन्तरक्रियात्मक छलफलहरू समेतबाट राजधानी लगायत देशका प्रायः सबै शहरहरूमा पैदलयात्री तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गमैत्री सडक तथा फुटपाथ समेतको व्यवस्था हुन नसकेको पाइएको छ। अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हो।

नेपालको संविधानको धारा ४२ (३) ले सामाजिक न्यायको हक अन्तर्गत “अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने” उल्लेख गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ लगायतले सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री हुनुपर्ने उल्लेख गरेको छ । नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना समेतले अपाङ्गमैत्री सडक निर्माण गर्ने उल्लेख गरेको छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को

पक्ष राष्ट्र रहेको नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितताको लागि अपाङ्गमैत्री सडक तथा सार्वजनिक सरोकारका भवनहरू निर्माण गर्नु अत्यन्त आवश्यक छ ।

आयोगले यस सम्बन्धमा विगतमा पनि पटक-पटक नेपाल सरकारलाई सिफारिस तथा पत्राचार गरेको स्मरण गराउँदै भौतिक संरचनाहरूलाई अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त तुल्याउन, अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी कार्यालय, सार्वजनिक यातायातका साधन, शौचालय, बसपार्क लगायतका संरचनाहरूलाई अपाङ्गमैत्री बनाई उनीहरूको अधिकार संरक्षण र संवर्द्धन सुनिश्चित गर्न आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ।

# आयोगद्वारा जेरियाट्रिक विज्ञहरूसँग छलफल



राष्ट्रिय मानव अधिकार आयोगले जेष्ठ नागरिकहरूको स्वास्थ्यसम्बन्धी विषयलाई केन्द्रित गरी जेरियाट्रिक विज्ञहरू सँग आयोगमा छलफल गरेको छ । सो क्रममा हाल अध्यापन भैरहेको चिकित्सा शास्त्रको एम. बी. बी. एस. र नर्सिङ्ग विषयको पाठ्यक्रममा जेष्ठ नागरिकको स्वास्थ्य सम्बन्धी उपचार तथा हेरचाह विधिमा के कस्ता पाठ्य विषय र सामग्री समावेश गर्ने भन्ने विषयमा छलफल भएको थियो ।

छलफलको क्रममा विज्ञहरूबाट अस्पतालहरूमा रहेका जेरियाट्रिक वार्डहरूको अवस्था र सुधार सम्बन्धमा विज्ञसहित आयोगले अनुगमन गर्नुपर्ने सुझाव प्राप्त भएको छ। त्यसैगरी जेष्ठ नागरिक हेरचाह केन्द्रहरूको अनुगमन मापदण्ड बनाइनुपर्ने, विशेषज्ञ स्वास्थ्यकर्मीहरूको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा तथा तालीमको व्यवस्था हुनुपर्ने, प्रत्येक प्रदेशमा कम्तीमा एउटा अस्पतालमा साधनस्रोत र जनशक्तियुक्त जेरियाट्रिक वार्ड सञ्चालन हुनुपर्नेसम्बन्धमा आयोगले गरेका सिफारिस कार्यान्वयनमा पहल गर्नुपर्ने सुझाव प्राप्त भएको छ। जेष्ठ नागरिकलाई लाग्ने रोग र तिनीहरूको उपचार पद्धतिको विषयमा आयोगले रणनीति बनाई त्यसको कार्यान्वयन गराउनुपर्ने सम्बन्धमा समेत छलफल भएको थियो ।

छलफलका क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले मानव अधिकारको विषय स्वास्थ्य, खाद्य र खानेपानीमा मात्र सीमित नभएर बहुआयामिक तथा व्यपक रहेको बताउनुभयो । साथै, देशभर रहेका वृद्धाश्रम तथा जेष्ठ नागरिक हेरचाह केन्द्रहरूको अनुगमन गरी आयोगले जेष्ठ नागरिकहरूका लागि जेरियाट्रिक अस्पताल स्थापना लगायतका अन्य विषयहरूमा प्रतिवेदनमार्फत नेपाल सरकारलाई सिफारिस गरिसकेको जानकारी गराउनुभयो । सो क्रममा आयोगका माननीय सदस्य प्रकाश वस्तीले जेष्ठ नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने सन्दर्भमा आयोगले नेपाल सरकारलाई आवश्यक निर्देशन तथा सिफारिस गर्न सक्ने स्मरण गराउँदै आयोगले जेष्ठ नागरिकहरूको स्वास्थ्य सम्बन्धमा उठान गर्न सकिने विषयहरूको कार्यदिशा तय गर्न यस छलफलको आयोजना गरिएको बताउनु भयो ।

छलफलमा जेरियाट्रिक विज्ञ समूहका संयोजक डा.गौरीशंकर लाल दास, प्रा. डा. ध्रुवराज अधिकारी, डा. रमेश कंडेल, डा.लोचना श्रेष्ठ, डा. रचना शर्मा, डा. नरेन्द्रसिंह ठगुन्ना, आयोगका नि. सचिव मुरारिप्रसाद खरेल, निर्देशकहरू डा.टिकाराम पोखरेल र नवराज सापकोटा लगायत आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको मानव अधिकार संरक्षण सम्बन्धमा छलफल




राष्ट्रिय मानव अधिकार आयोगले डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको मानव अधिकारको संरक्षण सम्बन्धमा आज विभिन्न सरोकारवालाहरू बीच छलफल गरेको छ । छलफलको क्रममा अपाङ्गता भित्र पनि डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको समुदाय सीमान्तकृत समुदायमा पर्ने हुनाले उनीहरूको अवस्था अत्यन्त जोखिममा परेको देखिएको छ ।

डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको संरक्षण सम्बन्धी आजको अन्तर्क्रियामा आयोगका माननीय सदस्य प्रकाश वस्तीले अपाङ्गगता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्था सम्बन्धमा आयोगबाट अनुगमन तथा प्रादेशिक तथा राष्ट्रिय सम्मेलन सम्पन्न गरी नेपाल सरकारलाई सिफारिस गरेको बताउनुभयो । अपाङ्गताको विषय सम्बन्धी कानून, नीति तथा सन्धि, महासन्धिका प्रावधानको कार्यान्वयनमा सरकारको उदासीनता रहनेगरेको आयोगको धारणा रहेको उहाँले बताउनुभयो । साथै उहाँले डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको विशेष क्षमताको पहिचान गरी राज्यले विशेष अवसर प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणलाई आयोगले प्राथमिकतामा राख्दै अपाङ्गताको विषय हेर्न एक सदस्य तथा फोकल अधिकृत तोकिएको जानकारी गराउनुभयो । सो क्रममा डाउन सिन्ड्रोम समाज नेपालका अध्यक्ष, शीला थापाले डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको मानव अधिकार सम्बन्धमा प्रकाश पार्नुभएको थियो । डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको अधिकार प्राथमिकतामा नपरेको, घरभित्र समेत भेदभावपूर्ण वातावरणको शिकार हुनुपरेको, शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था तथा सुनिश्चितता हुन नसकेको, अपाङ्गताको अवस्था अनुसार परिचयपत्र प्राप्त गर्न नसक्दा पहिचानको अधिकारबाट समेत वञ्चित हुनुपरेको, सम्मानपूर्वक बाँच्न पाउने अधिकारबाट वञ्चित रहनुपरेको लगायतका सवालहरू छलफलमा सहभागीहरूले औंल्याउनु भयो ।

नेपालको संविधान, २०७२ को धारा २४(१) र २४(३) तथा धारा ४३ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको व्यवस्था गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र समेत हो ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका सचिव, विभिन्न सरकारी निकायका प्रतिनिधिहरू, अपाङ्गगता एवं डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू र आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## स्थानीय निकाय र मानव अधिकार सम्बन्धी अभिमुखीकरण

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश ३ कार्यालयले घ्याङ्लेख गाँउपालिका र मानव अधिकार शिक्षा क्लब रिलेक नेपालको समन्वयमा मिति २०७६ वैशाख २४ गते स्थानीय निकायमा मानव अधिकार सम्बन्धी एक दिने अभिमुखिकरण सम्पन्न गरेको छ ।

अभिमुखीकरणको क्रममा बोल्दै घ्याङ्लेख गाँउपालिकाका अध्यक्ष जगतबहादुर भोलनले मानव अधिकार आयोगले

स्थानीय तहलाई केन्द्रित गरी कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । साथै न्यायिक समितिको क्षेत्राधिकार र विषयमा अझै पनि अन्यौलता कायम रहिरहेको बेलामा यो कार्यक्रमले विवाद निरुपणमा सहजता हुने अपेक्षा व्यक्त गर्नुभयो। गाँउपालिकाले आगामी दिनमा विकास निर्माणका काम गर्दा मानव अधिकारमुखी पद्धतीलाई ध्यानमा राखी योजना छनौट गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उपाध्यक्ष दुर्गादेवी सुनुवारले न्यायिक समितिमा उजुरीको चाप रहेको बताउँदै यससम्बन्धी ज्ञान, सीपमा अभिवृद्धि गर्दै विवाद निरुपण गरिरहेको जानकारी गराउनु भयो। ऐन, कानुन, नीतिनियमको अभावमा लामो समयसम्म न्यायिक समितिको काम प्रभावित भएपनि हाल मेलमिलापको माध्यामबाट विवाद निरुपण गरिएको बताउँदै आगामी दिनमा पनि यस्ता थप कार्यक्रमको सञ्चालन गर्न आग्रह गर्नु भयो ।

अभिमुखीकरणको क्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश ३ का निर्देशक यज्ञप्रसाद अधिकारीले गाँउपालिकाले वार्षिक योजनामा लैंगिक मुलप्रवाहिकरणलाई ध्यानमा राखेर नागरिकको सार्थक सहभागीतामा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । साथै आगामी दिनमा आयोग र स्थानीय तहबीच समन्वय र सहकार्यका गर्दै अगाडी बढ्ने बताउनु भयो ।

सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार भन्ने मुल नाराका साथ आयोजित कार्यक्रममा मानव अधिकार, न्यायिक समिति र मेलमिलाप, विकासमा मानव अधिकारमुखी पद्धती, आर्थिक, समाजिक र राजनीतीक अधिकार, आदिवासी जनजातिका अधिकार लगायतमा अभिमुखीकरण गराइएको थियो ।

रिलेक नेपालका अध्यक्ष रुद्रबहादुर खड्काले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो भने आयोगका निर्देशक यज्ञप्रसाद अधिकारी, मानव अधिकार अधिकृत जयश्वर चापागाई, लेखा अधिकृत रारा कर्मचार्यले प्रशिक्षण दिनुभएको थियो । अभिमुखीकरणमा गाँउपालिकाका वडा अध्यक्ष, वडा सदस्य, कर्मचारी, विद्यालयका प्रध्यानाध्यापकहरू र स्थानीय वुद्धिजीवीहरूको सहभागीता रहेको थियो ।

# मानव अधिकार शिक्षा कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश ३ कार्यालयले मरिण गाँउपालिका र मानव अधिकार शिक्षा क्लव रिलेक नेपालको समन्वयमा मिति २०७६ वैशाख २६ गते मानव अधिकार तथा बाल अधिकार शिक्षा सम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा बोल्दै गाँउपालिका अध्यक्ष पानीराज बम्जनले विकास निर्माणमा नागरिक सहभागीता मार्फत सिमान्तकृत वर्गलाई केन्द्रित गरी अगाडि बढेको बताउनु भयो । गाँउपालिकाले सडक विस्तार, शिक्षा स्वास्थ्य क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको बताउदै उहाँले सुत्केरी गर्भवती महिलाहरूलाई पौष्टिक आहारको व्यवस्था गर्दै गर्भवती चेकजाँचमा आएका महिलालाई प्रत्येक पटक ५ सय रुपैयाँ दिने व्यवस्था गरिएको बताउनु भयो। आगामी दिनमा ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत समुदायहरूका लागि लक्षित कार्यक्रम सञ्चालन गर्दा तथा बजेट तर्जुमा गर्दा मानव अधिकारमुखी विकास पद्धतीलाई ध्यानमा राखेर कार्य गर्ने उल्लेख गर्नु भयो ।

उपाध्यक्ष संगिता माझीले न्याय निरुपण गर्दा कतिपय घटनामा बुद्धिजीवी वर्गहरूबाटै दबाब आउने गरेको बताउदै त्यस्ता दबाबको कुनै प्रवाह नगरि निष्पक्ष ढंगले न्याय निरुपण गरिरहेको बताउनुभयो । आगामी दिनमा मेलमिलाप र मानव अधिकार तथा न्याय निरुपणका लागि बजेट विनियोजन गर्ने र काम गर्दा मानव अधिकारको उड्लघन हुन नदिनेमा जोड दिनु भयो ।

कार्यक्रममा बाल अधिकार र मानव अधिकारका सम्बन्धमा मानव अधिकार आयोग ३ नम्बर प्रदेश कार्यालयका प्रमुख तथा निर्देशक यज्ञप्रसाद अधिकारीले प्रशिक्षण दिनुभएको थियो भने मेलमिलाप र महिला अधिकारबारे गाउँकार्यपालिकाका महिला शाखा प्रमुख सावित्रा रेग्मीले प्रशिक्षण दिनुभएको थियो । भने कार्यक्रमको उद्देश्यबारे रिलेक नेपाल सिन्धुलीका अध्यक्ष रुद्रबहादुर खड्काले प्रस्ट पार्नुभएको थियो ।

कार्यक्रममा विभिन्न वडाका अध्यक्ष, सदस्य, कर्मचारी, शिक्षकलगायतको सहभागीता रहेको थियो । कार्यक्रमको सहजीकरण मानव अधिकार आयोगका अधिकृत जयश्वर चापागाईले गर्नुभएको थियो ।

# मानव अधिकार कानूनहरू र अदालती अभ्यास सम्बन्धमा छलफल




राष्ट्रिय मानव अधिकार आयोग र सर्वोच्च अदालत बार एशोसिएसनको समन्वयमा मिति २०७५ चैत २९ गते मानव अधिकार कानूनहरू र अदालती अभ्यास विषयमा छलफल सम्पन्न भएको छ ।

छलफलमा मानव अधिकार संरक्षण गर्ने मुख्य दायित्व राज्यको नै हुने, अदालतको निर्णयमा एकरुपता नदेखिएकोले एकरुपता ल्याउनका निम्ति एक अभियान चलाउनु पर्ने, नेपालको संविधान २०७२ को धारा २१ मा अपराध पीडितको हक उल्लेख गरिएको, तसर्थ अपराध पीडितको हक संस्थागत भईसकेको र पीडितको अधिकारको विषयलाई राष्ट्रिय मानव अधिकार आयोगले विशेष ध्यान दिनुपर्ने छलफलको क्रममा उठेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न उक्त छलफलमा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शम्सेर ज.ब.रा. प्रमुख अतिथि रहनु भएको थियो । उक्त कार्यक्रममा कानून, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेल, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारी,कानून न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाल, आयोगका सचिव वेद भट्टराई, विभिन्न सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, कानून व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी तथा आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# व्यापार र मानवअधिकार विषयक कार्यक्रममा आयोगको सहभागिता

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको नेतृत्वको टोली थाइलैण्डको बैंककमा मिति २०७६ जेठ २७ देखि ३० गते सम्म आयोजित व्यापार मानव अधिकार विषयक कार्यक्रममा सहभागी भएको छ । उक्त कार्यक्रममा एशियाप्यासिफिक मञ्च अन्तर्गतका विभिन्न राष्ट्रहरूले व्यापार मानव अधिकारको क्षेत्रमा गरेको कार्यहरू एवं असल अभ्यासहरूका सम्बन्धमा छलफल भएको थियो । सो क्रममा आयोगका माननीय अध्यक्ष शर्माले व्यापार र मानव अधिकारका सवालमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले खेल्न सक्ने भूमिका सम्बन्धमा आफना भनाई राख्नुभएको थियो ।

Royal Thai Government, the United Nations Development Programme (UNDP), the Organization for Economic Co-operation and Development (OECD), the International Labour Organization (ILO), and United Nations Economic and Social Commission for Asia and the Pacific (ESCAP)को आयोजनामा भएको उक्त कार्यक्रममा व्यवसायिक नीजि क्षेत्रलाई मानव अधिकारका स्थापित मान्यताहरूलाई जिम्मेवार बनाउन, व्यापार र मानव अधिकारको प्रवर्द्धन गर्न सरकार, मानव अधिकार संस्था र नागरिक समाजको भूमिकाका बारेमा विज्ञहरूकाबीच छलफल भएको थियो । कार्यक्रममा उद्योग तथा व्यापार क्षेत्रको विकास र रोजगारीका लागि महत्वपूर्ण भुमिका रहेको तथ्यलाई गर्दै दिगो विकास र वातावरण, उपभोक्ताको संरक्षण, कामदारहरूको सुरक्षा र अधिकार, लैङ्गिक समानता, महिलाविरुद्ध हुनसक्ने विभेद तथा हिंसाको अन्त्य लगायत मानव बेचविखन तथा आधुनिकदासताका विरुद्ध गर्नुपर्ने पहलहरूलाई मुख्य छलफलको विषय बनाइएको थियो । उक्त कार्यक्रममा आयोगका उपनिर्देशक मायादेवी शर्मा र मानव अधिकार अधिकृत दिपेन्द्र बहादुर सिंहको सहभागिता रहेको थियो ।

# सञ्चारकर्मीहरूसँग मानव अधिकारका समसामयिक विषयमा छलफल




राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७६ असार ९ गते नेपाल पत्रकार महासंघका पदाधिकारी, पूर्व अध्यक्षहरू, सम्पादकहरू तथा सञ्चारकर्मीहरूसँग मानव अधिकारका समसामयिक विषयमा छलफल गरेको छ ।

छलफलमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले "सञ्चारकर्मीहरूले समाचार प्रकाशित गरेका विषयलाई लिएर फौजदारी मुद्दा चलाइनु हुँदैन । आयोगले यस विषयलाई गम्भीर रुपमा हेरिरहेको छ । मौलिक हकको कार्यान्वयन गर्न तीनवर्ष भित्र कानून बनाएर लागु गर्ने भनिएबमोजिम सबै कानूनहरू बनेका छन् तर ती कानूनमा समेत कानूनबमोजिम कार्यविधि बनाएर कार्यान्वयन गरिने उल्लेख गरिएको छ । आगामी साउन महिना देखि मौलिक हकका विषयलाई लिएर थुप्रै उजूरीहरू पर्ने अवस्था आउने देखिन्छ । यसतर्फ सरकार सचेत रहनुपर्दछ । हाल नेपालमा दण्डहीनताको अवस्था रहेको, मुठभेडमा मृत्यु भएका घटनाहरू कायमै रहेको छ । दस्तावेज जतिसुकै राम्रो भएपनि सरकार चलाउने व्यक्तिको मानसिकतामा परिवर्तन आउन सकेन भने समाजमा यस प्रकारका समस्या आइरहन्छन्" भन्ने भनाई राख्नु भयो ।

आयोगका माननीय सदस्य प्रकाश वस्तीले देशमा ज्येष्ठ नागरिकको अधिकार जोखिममा परेको, जातीय विभेदको अवस्था कायमै रहेको र सञ्चारकर्मीहरूले यस विषयमा उठान गर्दा पूर्ण र तथ्यपरक समाचारमा जोड दिनुपर्ने बताउनुभयो । माननीय सदस्य सुदिप पाठकले दण्डहीनता महिला हिंसा, दोहोरो मुठभेडमा मृत्यु, आप्रवासी कामदारको मानव अधिकार, वातावरण प्रदुषण लगायतका समस्या रहेको बताउनुभयो । माननीय सदस्य मोहना अन्सारीले भ्रष्टाचार, दण्डहीनता, कानूनको शासन लगायतका विषयमा सञ्चारकर्मीहरू थप जवाफदेही हुनुपर्ने बताउनुभयो । छलफलको क्रममा आयोगका निमित्त सचिव मुरारिप्रसाद खरेल, वरिष्ठ पत्रकार युवराज घिमिरे, नेपाल पत्रकार महासंघका कार्यबाहक अध्यक्ष विपुल पोखरेलबाट प्रस्तुतिकरण गरिएको थियो । सो क्रममा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्ट, फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहाल, नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्ट, उज्यालो नेटवर्कका सुरेश आचार्य लगायतले देशमा हालै समस्याको रूपमा मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता, दण्डहीनता लगायतका विषयमा आफ्ना भनाइ राख्नुभएको थियो ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न उक्त छलफलमा आयोगका पूर्व सदस्य, आयोगका निर्देशक, उपनिर्देशक, गोरखापत्र दैनिकका कार्यकारी अध्यक्ष कृष्णमुरारी भण्डारी, वरिष्ठ पत्रकार, विभिन्न सञ्चार गृहका प्रधान सम्पादक तथा सम्पादकहरू र सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# आयोगको संशोधन विधेयकका प्रावधान सम्बन्धमा आयोगका पूर्व पदाधिकारीहरू र पत्रकार महासंघका अध्यक्ष तथा पदाधिकारीहरूसँग छलफल

नेपाल सरकारले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न आयोगको परामर्श बिना मस्यौदा गरेको विधेयकको प्रावधानहरूका सम्बन्धमा आयोगले आयोगका पूर्वअध्यक्ष तथा सदस्यहरू, नेपाल पत्रकार महासंघका अध्यक्ष तथा पदाधिकारीहरूसँग छुट्टाछुट्टै छलफल गरेको छ । छलफलको क्रममा सरकारले अघि सारेका विधेयकको प्रावधानहरूले आयोगको क्षेत्राधिकार खुम्चने गरी यसको स्वायत्तता र स्वतन्त्रतामा अंकुश लगाउने तथा मानव अधिकारको पेरिस सिद्धान्त विपरीत रहेको निष्कर्ष निकालिएको छ । यो संशोधन विधेयकलाई सरकारले तत्काल फिर्ता लिई आयोगको परामर्श अनुरुप बनाउनु उपयुक्त हुने बताइएको छ ।

आयोगका पूर्वअध्यक्ष तथा पूर्व प्रधान न्यायाधीश केदारनाथ उपाध्यायले "मानव अधिकारको जवाफदेहिता राष्ट्रभित्र र अन्तर्राष्ट्रिय मञ्चमा समेत सरकारको हुने तर महान्यायाधिवक्ता सरकारको जवाफदेहिता निर्वाह गर्ने निकाय नभई सरकारको कानूनी सल्लाहकार मात्र भएकोले यो संशोधन विधेयक त्रुटिपूर्ण छ" भन्ने धारणा व्यक्त गर्नुभयो । "कुनै पनि मुद्दामा पर्याप्त प्रमाण छ छैन भन्ने ठहर कानूनी सल्लाहकारको नभई अदालतले गर्दछ, एउटै प्रमाण पनि घटना स्थापित गर्न पर्याप्त हुनसक्ने एवं यस विधेयकमा मानव अधिकार पीडितलाई थप राहत प्रदान गर्नसक्ने कुनै व्यवस्था नगरेको" उहाँको धारणा रहेको थियो । पूर्व सदस्य गौरी प्रधानले, "मानव अधिकारको पेरिस सिद्धान्तप्रतिको प्रतिबद्धता आयोगको नभई नेपाल सरकारको हो भन्दै यसलाई वेवास्ता गरिएमा सरकारको लागि र आम नागरिकको लागि प्रत्युत्पादक हुनसक्ने" राय व्यक्त गर्नुभयो । पूर्व सदस्य डा. के. बी. रोकायाले "विधेयकको प्रस्तावना र आर्थिक टिप्पणी भित्रका व्यवस्थाहरू नै सन्देहपूर्ण र भ्रामक रहेको" बताउनु भयो । पूर्व सदस्य डा. रामदयाल राकेशले "आयोगको क्षेत्राधिकारलाई संकुचन गर्न खोजिएमा अन्तर्राष्ट्रिय जगत मौन रहन नसक्ने र यो विषय अन्तर्राष्ट्रिय चासो र चिन्ताको विषय बन्ने" धारणा राख्नुभयो । पूर्व सदस्य प्रा. कपिल श्रेष्ठले "नागरिक आन्दोलनको पृष्ठभूमिमा स्थापित आयोगको स्वायत्तता र स्वतन्त्रता केवल आयोगको विषय नभई न्यायप्रेमी नेपाली जनताको विषय हो भन्दै यसको स्थापनाकालदेखिको 'क' वर्गको स्तर कायम राख्न र पेरिस सिद्धान्त अनुकुल कायम राख्न सम्पूर्ण मानव अधिकाकर्मी एकजुट हुने" भनाई राख्नु भयो ।

त्यसैगरी, नेपाल पत्रकार महासंघका केन्द्रीय सभापति गोविन्द आचार्यले आयोगको स्वायत्तता र स्वतन्त्रतामाथि आँच आउने कार्य, पत्रकारहरूमाथि भैरहेको धम्की, दबाब, पक्राउ र पुनः पक्राउका घटनाहरूमा आयोग र सञ्चार जगत ऐक्यबद्ध भई कार्य गर्नुपर्ने बताउनुभयो । आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सञ्चालित उक्त छलफल कार्यक्रममा आयोगका माननीय सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी, गोविन्द शर्मा पौड्याल लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र मानव अधिकार विषयमा छलफल

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७६ जेठ ३ गते विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र मानव अधिकारविषयमा सरोकारवालासँग छलफल गरेको छ । उल्लेखित ऐनलाई मानव अधिकारको दृष्टिकोणबाट विश्लेषणगरी सरकारी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, विशेषज्ञ तथा सरोकारवालाहरूसँग छलफल, राय, परामर्श तथा सुझाव लिई नेपाल सरकारलाई सिफारिश गर्ने उद्देश्यले उक्त छलफल गरिएको हो ।

ऐनका प्रावधानहरूले विपद जोखिम न्यूनिकरण र व्यवस्थापन गर्ने सम्बन्धमा अधिकांश विषयहरू समटेको भएपनि पूर्वतयारीको विषयलाई ध्यान दिन नसक्दा प्रकृतिक विपद्बाट बार्षिक कैयौं मानिसले ज्यान गुमाउनु परेको छलफलको क्रममा सरोकारवालाले उठाएका थिए । साथै, ऐनको कार्यान्वयनमा ध्यान दिनु जरुरी रहेको, सामुदायिक सहभागिताको विषयलाई समेट्न नसकेको, विपद्को विषयमा एकद्वार प्रणालीबाट उजुरी लिने संयन्त्र तयार गर्नुपर्ने, जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता, कार्बन ट्रेडिङ, जग्गा व्यवस्थापनको विषयहरु नयाँ र गहन विषय रहेकोले यी विषयलाई राष्ट्रिय मानव अधिकार आयोगले ध्यान दिनुपर्ने सुझाव प्राप्त भयो ।



आयोगका माननीय सदस्य प्रकाश वस्तीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा माननीय सदस्य सुदिप पाठक, माननीय सदस्य गोविन्द शर्मा पौड्याल, सरकारी निकायका पदाधिकारीहरू गृह मन्त्रालय, रक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोग, नेपाल प्रहरी, नेपाली सेना, स्वास्थ्य संस्था, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, विशेषज्ञहरू साथै सरोकारवालाहरू, पत्रकारहरू एवं आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# आधारभूत तथा माध्यामिक तहको पाठ्यक्रममा मानव अधिकार शिक्षा समावेश गर्ने सम्बन्धमा छलफल







राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७६ असार ३ गते विद्यालय पाठ्यक्रम पुनरावलोकन, आधारभूत तथा माध्यामिक तहमा मानव अधिकार शिक्षा एवं कक्षा आठ, नौ र दश को पाठ्यक्रमका अध्ययनको आधारमा तयार पारिएको स्रोत पुस्तिका सम्बन्धमा सरोकारवालासँग परामर्श तथा छलफल गरेको छ ।

छलफलको क्रममा आयोगका माननीय सदस्य प्रकाश वस्तीले पाठ्यक्रममा परिवर्तन आवश्यक रहेको र सोही बमोजिम समय सान्दर्भिक पाठ्यक्रमको निर्माण गरी मानव अधिकार शिक्षाको विकासका लागि आयोग अगाडि बढीरहेको बताउनुभयो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्सालले आयोगको सुझाव र सिफारिस बमोजिम पठ्यक्रममा सुधार गरिने बताउनुभयो । साथै पाठ्यक्रम पुनरावलोकनको लागि निश्चित समय तोकिएको हुने भएकाले सोही बमोजिम पाठ्क्रम तयार गरिने जानकारी गराउनुभयो । पाठ्यक्रमको विकास गर्दा देशको भाषा, संस्कृति, मूल्य, मान्यता बमोजिम एकीकृतरुपबाट तयार गर्न आवश्यक रहेको, पाठ्यक्रममा मानव अधिकार शिक्षा समावेश गर्न आवश्यक रहेको उक्त पाठ्यक्रम बालबालिकालाई केन्द्रमा राखेर तयार गरिनु आवश्यक रहेको सुझाव छलफलका क्रममा सहभागीहरूबाट प्राप्त भएको थियो । विद्यालय तह अनुसार विषयवस्तुको दायरा फराकिलो बनाउनु पर्ने साथै शिक्षण सिकाईका लागि आवश्यक सामग्रीहरू, विषय शिक्षकलाई आवश्यक तालीमको व्यवस्था लगायतमा आयोगले ध्यान दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

छलफलको उद्देश्यमाथि प्रकाश पार्दै क्रममा आयोगका उपनिर्देशक हरिप्रसाद ज्ञवालीले आयोगले मानव अधिकारको संबर्द्धन गर्ने सन्दर्भमा औपचारिक शिक्षामा मानव अधिकार विषय समावेश हुनुपर्छ भन्दै केही वर्ष अघिदेखि नै वकालत गर्दै आएको बताउनुभयो । कार्यक्रममा अध्ययनकर्ता मोहनलाल आचार्यले प्रस्तुति गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन प्रशासकीय अधिकृत लक्ष्मी राईले गर्नुभएको थियो ।

आयोगका माननीय सदस्य प्रकाश वस्तीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आयोगका सचिव वेद भट्टराई, आयोगका निर्देशकहरू, विद्यालय शिक्षा शाखा प्रमुख विदुरराज गिरी, पाठ्यक्रम विकास केन्द्र सामाजिक शिक्षा शाखा प्रमुख रेनुका पाण्डे भुसाल, आयोगका महाशाखा प्रमुखहरू, विज्ञ, गैरसरकारी संघ संस्थाका प्रतिनिधि, अध्ययनकर्ता र आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धमा अभिमुखीकरण



राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको संयुक्त आयोजनामा मिति २०७६ असार ४ गते अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धमा अभिमुखीकरण सम्पन्न भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर ाष्ट्रिय कानूनहरूको बावजुद् अपाङ्गता भएका व्यक्तिहरूले भोगीरहेका समस्याहरू एवं आयोगबाट भएका प्रयासहरूको बारेमा जानकारी गराउने उद्देश्यले उक्त अभिमुखीकरणको आयोजना गरिएको थियो ।

अभिमुखीकरणको क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका संघीय अध्यक्ष मित्रलाल शर्माले प्रस्तुति गर्नुहुँदै अपाङ्गता भएका व्यक्तिहरू शिक्षाको अधिकार उपभोग गर्न नपाएको, अझैंपनि उनीहरू बाँधिएर, लुकाएर, हिंसा, दुर्व्यवहार र अपमान सहेर बस्नुपर्ने बाध्यता रहेको, न्याय तथा रोजगारीमा पहुँच पुग्न नसकेको, निर्णय गर्न पाउने अधिकारबाट बञ्चित रहेको, अपाङ्गता भएका महिला, बालबालिकाहरू बढी हिंसाको जोखिममा रहेको बताउनुभयो । आयोगले अपाङ्गता अधिकारको क्षेत्रमा क्रियाशील रहँदै आएको बताउँदै आयोग आवाज विहीनहरूको आवाज रहेको सन्दर्भमा यस समुदायले आयोगसँग धेरै अपेक्षा राखेको बताउनुभयो । आयोगले समावेशिता, अपाङ्गमैत्री भौतिक संरचनाको निर्माण, नीति तथा कार्यक्रमहरू, सेवा प्रणाली, दोभाषे एवं सहयोगी सामग्रीको उपलब्धता, अपाङ्गमैत्री व्यवहार लगायतका विषयमा सम्बन्धित पक्षलाई सचेत गराइ दिनुपर्ने सुझाव प्रस्तुतिको क्रममा आएको थियो ।

आयोगका मानव अधिकार अधिकृत रञ्जिता शाहले अपाङ्गताको सवालमा आयोगबाट भएका कार्यहरूको बारेमा प्रस्तुति गर्नुभएको थियो । अपाङ्गता अधिकारलाई मानव अधिकार शिक्षासँग जोडेर आयोगले सचेतना साथै प्रबर्द्धन गर्नु पर्ने एवं अपाङ्गता अधिकारको अवस्था सम्बन्धमा नियमित अनुगमन, अनुसन्धान र प्रतिवेदनमार्फत नेपाल सरकारलाई सिफारिस गर्नु जरुरी, अपाङ्गता भएका व्यक्तिहरूको आयोगमा पहुँच बढाउन अपाङ्गतामैत्री संयन्त्र र प्रणाली, गम्भीरताको आधारमा अपाङ्गताको अधिकारको प्राथमिकीकरण जस्ता सवालहरू छलफलको क्रममा उठेको थियो । विद्यमान अवस्थालाई मध्यनजर गर्दा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था दयनीय रहेको प्रस्तुतिकरणको क्रममा आएको थियो ।



आयोगका माननीय सदस्य प्रकाश वस्तीको अध्यक्षतामा सम्पन्न उक्त अभिमुखीकरणमा आयोगका सचिव वेद भट्टराई, निर्देशक मुरारिप्रसाद खरेल, नवराज सापकोटा, उपनिर्देशकहरू, अपाङ्गता अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरू लगायत आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# मानननीय अध्यक्ष तथा सदस्यहरूबाट गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वपूर्ण भेटघाट तथा छलफलहरू

- आयोगद्वारा मिति २०७५/१२/०५ गते आयोजित आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी आई.एल.ओ. १६९ कार्यान्वयन प्रतिवेदन सार्वजनिक कार्यक्रम आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न भयो। प्रस्तुत कार्यक्रममा माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू तथा सचिवज्यू र आयोगका अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा आदिवासी जनजाति महासँघ एवं आदिवासी जनजाति प्रतिष्ठानका प्रतिनीधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा आदिवासी जनजातिहरूको अधिकार सम्बन्धमा कानूनहरूको कार्यान्वयन अवस्था बारे माननीय श्री मोहना अन्सारीज्यूले प्रस्तुत गर्नुभएको थियो भने सहभागीहरूको तर्फबाट प्रा. डा. कृष्ण भट्टचन लगायतका वक्ताहरूले आफ्नो विचार राख्नुभएको थियो।

- आयोगद्वारा मिति २०७५/१२/८ गते आयोजित छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रमको प्रतिवेदन सार्वजनिक कार्यक्रम, माननीय अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, सचिवज्यू तथा अन्य कर्मचारीहरू तथा अन्य सरोकारवाला निकाय एवं विभिन्न संघसंस्थाहरूका प्रतिनिधिहरू र पत्रकारहरूको उपस्थिति रहेको थियो। प्रस्तुत कार्यक्रममा माननीय मोहना अन्सारीज्यूले प्रतिवेदनको विषयवस्तुका बारेमा प्रकाश पार्नुभएको थियो भने अन्य सहभागीहरूले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो।

- सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसँग मिति २०७५/१२/१२ गते आयोगका माननीय अध्यक्षज्यूको प्रधानमन्त्री निवास बालुवाटरमा आयोगको भवन, रा.मा.अ.आयोग ऐन,२०६८को संशोधन, आयोगले गर्न लागेको अन्तर्राष्ट्रिय सम्मेलन लगायतका मानव अधिकारको विषयहरूमा छलफल तथा वैठक कार्यक्रम सम्पन्न भएको थियो।

- आयोगका पूर्वअध्यक्षहरू तथा सदस्यहरूसँग मिति २०७५/१२/१३ गते संक्रमणकालिन न्याय, आयोगको सिफारिस कार्यान्वयन, अन्य विषयगत आयोगहरूसँगको समन्वय लगायत मानव अधिकारका विषयमा आयोगका अध्यक्षज्यू, सचिवज्यू र वैठक समन्वय तथा माननीय अध्यक्षज्यूको कार्यालयको कर्मचारीको उपस्थितिमा वैठक सम्पन्न भएको थियो।

# राष्ट्रिय मानव अधिकार आयोग नेपाल र फिलिपीन्सबीच द्विपक्षीय सहकार्यको बिषयमा छलफल




राष्ट्रिय मानव अधिकार आयोग नेपाल उच्चस्तरीय टोली र मानव अधिकार आयोग फिलीपीन्सका अध्यक्ष Hon. Jose Luis Martin C. Gascon र Commissioner Gwendolyn Ll. Pimentel-Gana लगायत उच्चस्तरीय

अधिकृतहरूको टोलीबीच मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी द्विपक्षीय सहकार्यको विषयमा जुन १८, २०१९ का दिन छलफल भएको छ ।

सो क्रममा राष्ट्रिय मानव अधिकार आयोग नेपालका माननीय सदस्य श्री सुदीप पाठकले शसस्त्र द्वन्द्वको क्रममा मानव अधिकार संरक्षणका लागि नेपालको आयोगले गरेको असल अभ्यास, हत्या तथा बेपत्ता सम्बन्धमा गरिएको अनुसन्धान, आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणका लागि अन्य आयोगहरूसँग भएको समझदारी, जलवायु परिवर्तन र यसका कारणबाट मानव अधिकारमा पर्न गएको असर, विकास र मानव अधिकार, तीनै तहका निर्वाचनको अनुगमन, भुकम्प पश्चात् मानव अधिकारको अनुगममन लगायतका बिषयहरूमा मानव अधिकार आयोग फिलीपीन्सका टोलीलाई जानकारी गराउनु भयो ।

माननीय सदस्य श्री सुदीप पाठकले नोभेम्बर १२ देखी १४, २०१९ मा काठमाडौंमा आयोजना हुन गईरहेको आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धन बिषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागीताका लागि गरिएको निमन्त्रणालाई राष्ट्रिय मानव अधिकार आयोग फिलीपीन्सका अध्यक्षले सधन्यवाद स्वीकार गर्नु भयो । साथै आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालय अन्तर्गतका उच्चस्तरीय पदाधिकारीहरूसँग समेत फिलिपीन्स सरकारबाट असल प्रयासहरू, प्रणाली तथा संरचनाहरूका बारेमा छलफल भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग नेपालका माननीय सदस्य सुदिप पाठकको नेतृत्वमा आयोगका माननीय सदस्य गोविन्द पौड्याल, निर्देशक तथा अधिकृतहरू सम्मिलित टोली मानव अधिकारका विविध विषयमा छलफल गर्ने उद्देश्यले जुन १६ देखि २१, २०१९ सम्म मानव अधिकार आयोग फिलिपिन्सको भ्रमणमा रहेको थियो ।

## आयोगको १९ औं स्थापना दिवस कार्यक्रम



राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलले आयोगको १९ औं स्थापना दिवस कार्यक्रमको सन्दर्भमा नवलपरासी र रुपन्देही जिल्लामा दुईवटा छुट्टाछुट्टै कार्यक्रम सम्पन्न गरी मनाएको छ। नवलपरासी जिल्लाको रामग्राम नगरपालिकासँग आवश्यक समन्वय गरी मिति २०७६/२/१३ गते विहान ८ देखि १२ बजेसम्म जिल्ला समन्वय समितिको सभाकक्षमा मानव अधिकारको अवस्था र सरोकारवालाहरूको भूमिका विषयमा एक अन्तर्क्रिया कार्यक्रम गरिएको थियो भने सोही दिन दिउँसो ४ बजे रुपन्देही, देवीनगरस्थित आयोगको सभाहलमा १९ औं स्थापना दिवस शुभकामना कार्यक्रम सम्पन्न गरेको थियो ।

उक्त दुवै कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयका निर्देशक सम्झना शर्माले गर्नु भएको थियो । नवलपरासीमा सम्पन्न अन्तर्क्रियामा प्रमुख अतिथिको रुपमा जिल्ला सम्वन्वय समिति नवलपरासीका प्रमुख शिवशंकर प्रसाद राय रहनुभएको थियो । अतिथिको रुपमा रामग्राम नगरपालिकाका प्रमुख नरेन्द्रकुमार गुप्ता, नवलपरासी जिल्लाका प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने, जिल्ला प्रहरी कार्यालयका प्रमुख राजेन्द्र प्रसाद भट्ट, नवलपरासी जिल्ला अदालत बारका अध्यक्ष चुराबहादुर थापा, गैसस महासंघका अध्यक्ष बालेन्द्र बिक्रम शाही, पत्रकार महासंघका अध्यक्ष रहनु भएको थियो । उक्त कार्यक्रममा रामग्राम नगरपालिकाका वडा



अध्यक्ष तथा महिला सदस्य, विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, उद्योग बाणिज्य महासंघ, संघ सस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार तथा सर्वसाधारण गरी ५४ जनाको सहभागिता रहेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलको सभाहलमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथीको रूपमा रूपन्देही जिल्ला प्रमुख जिल्ला अधिकारी उदय राना मगर र अतिथि ईलाका प्रशासन कार्यालयका बुटवलका प्रमुख प्रकाशचन्द्र अधिकारी, डिएसपी डिल बहादुर मल्ल रहनु भएको थियो । त्यसैगरी कार्यक्रममा जनप्रतिनिधिहरू, सुरक्षा निकाय, सरकारी कार्यालय, संघ सस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, अधिकारकर्मी, पत्रकार लगायत सर्वसाधारण गरी ३० जनाको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत दीपक ठाकुरले गर्नुभएको थियो। कार्यक्रममा स्वागत तथा उद्देश्यमाथि प्रकाश पार्दै उपनिर्देशक पवन कुमार भट्टले चालु आ.व.मा सम्पन्न आयोगका गतिविधीहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रमका अध्यक्ष तथा प्रदेश नं ५ कार्यालयका निर्देशक श्री सम्झना शर्माले मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने पहिलो दायित्व राज्यको नै हो। हाल तीन तहको सरकार रहेको सन्दर्भमा स्थानीयतहमा भएका मानव अधिकार उल्लङ्घनका घट्नामा स्थानीय सरकार जिम्मेवार हुनुपर्ने, कानुन कार्यान्वयन गर्ने निकायहरूबाट कानूनको उल्लङ्घन हुन नहुने, मानव अधिकार उल्लङ्घनका उजुरीहरूलाई राष्टिय मानव अधिकार आयोगसम्म पुर्‍याउने कार्यमा स्थानीय सरोकारवाला निकाय तथा नागरिक समाज र मानव अधिकारकर्मीहरूको महत्वपूर्ण भूमिका रहनेहुँदा सो बारेमा समन्वय गर्न आवश्यक रहेको वताउँदै कार्यक्रममा उपस्थित जनप्रतिनिधीहरूबाट मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा प्रतिबद्धता व्यक्त गरिनु सह्रानीय रहेको वताउनु भयो ।

# विवाद समाधानमा स्थानीय तह तथा मानव अधिकारमुखी विकास पद्धति विषयक अभिमुखीकरण

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७६/१/२६ देखि २८ सम्म कपिलबस्तु जिल्लामा र मिति २०७६/१/२९ देखि २०७६/२/१ गतेसम्म पाल्पा जिल्लामा विवाद समाधानमा स्थानीय तह, मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धति विषयक अभिमुखिकरण कार्यकम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा कपिलबस्तु जिल्लाको १० वटै स्थानीय तह र पाल्पा जिल्लाका ४ वटा स्थानीय तहको प्रमुख, उपप्रमुख, मेयर, उपमेयर तथा न्यायिक समितिका पदाधिकारीहरू र जि.स.स प्रमुख तथा सम्बन्धित कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको मुख्य उद्देश्य मानव अधिकार संरक्षणमा स्थानीय तहको भुमिका तथा दायित्व विषयमा सरोकारवालहरूलाई दायित्व बोध गराई सचेतिकरण गर्नु, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका र न्यायीक समितिले सेवा प्रवाह तथा न्याय सम्पादन गर्दा फौजदारी कानुन, देवानी कानुन तथा मानव अधिकारको सिद्धान्त तथा मर्मअनुरुप कार्य गर्न सहयोग गर्नु र न्याय सम्पादनको कममा अपनाइनु पर्ने कार्यविधिगत प्रकियाको सम्बन्धमा जानकारी गराउनु साथै राष्ट्रिय मानव अधिकार आयोगको प्रबर्द्धन गर्ने रहेको थियो। आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वमा निर्देशक द्वय सम्झना शर्मा र नवराज सापकोटा, उपनिर्देशकहरू हरि ज्ञावाली, पवन कुमार भट्ट, श्याम बावु काफ्लेबाट प्रस्तुतिकरण गरिएको थियो । उक्त कार्यक्रममा उच्च अदालत तुलसीपुर, बुटवल इजलासका मा. न्यायाधीश श्री बामदेव ज्ञवाली र कपिलबस्तु जिल्लाका मा. जिल्ला न्यायाधीश श्री भरतमणी खनालले प्रस्तुतिकरण गरी सहभागीहरूलाई अभिमुखिकरण गर्नुभएको थियो ।

यस प्रकारका कार्यक्रमहरु सबै स्थानीय तहहरूमा सञ्चालन गर्नको लागि आयोगबाट पहल गर्न सहभागीहरूले सुझाव दिनुभएको थियो र कार्यक्रममा अत्यन्त व्यवहारिक विषयबस्तुहरूको उठान भएको र सबै सहभागहिरू छलफलमा सहभागी हुनुभएकोले कार्यक्रमको प्रभाव राम्रो हुने आयोगले अपेक्षा गरको छ ।

# कारागारमा क्षमताभन्दा बढी कैदीवन्दीहरू राखिएकोले बसाई, खानेपानी तथा सरसफाइको समस्या

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय बुटवलले प्रादेशिक क्षेत्राधिकार भित्र रहेका सबै जिल्लाहरू (पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, रुपन्देही र कपिलबस्तु) मा रहेको कारागार तथा हिरासत कक्षहरूको विभिन्न समयमा अनुगमन गरेको छ। टोलीले कारागार र हिरासत कक्षहरूको भौतिक अवस्थाको अवलोकन, कैदी बन्दी तथा थुनुवाहरूसँग कुराकानी र छलफल, जिल्ला प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारीसँग छलफल, कारागार प्रशासनसँग कुराकानी तथा जानकारी माग गरी प्रतिवेदन तयार गरेको छ। अनुगमनको क्रममा टोलीले आयोगको प्रकाशनहरू कारागारमा रहेको पुस्तकालयको प्रयोजनका लागि प्रदान गरेको थियो।

अधिकांश कारागारमा क्षमताभन्दा बढी कैदी बन्दीहरू रहेकोले तत्काल उचित वैकल्पिक व्यवस्था गर्न, प्रचलित कारागार ऐन तथा नियमावलीमा अनुसन्धानमा रहेका, अभियोग प्रमाणित भएका समेत व्यक्तिहरूलाई कारागारमा यथाशक्य छुट्टाछुट्टै रुपमा राख्नु पर्ने व्यवस्था गरेपनि कारागारको बनौट सो बमोजिम नभएको हुँदा नयाँ भवन निर्माण गर्दा सो अनुसार गर्न, कैदीवन्दीहरूलाई हाल उपलब्ध गराइएको दैनिक ६० रुपैया भत्ताले हालको महंगीको कारण विहान बेलुका खानाको लागि समस्या रहेकोले कैदी वन्दीहरूले पाउने दैनिक भत्तामा वृद्धी गर्न, कैदीवन्दीहरूको लागि सिपमुलक र आय आर्जन मुलक तालिमको थप व्यवस्था गर्न र पर्याप्त पानीको व्यवस्था गरी सरसफाई तथा पीउने पानी व्यवस्थापन गर्न, कारागारमा क्षमताअनुसार मात्र कैदी तथा थुनुवाहरूलाई राख्न नेपाल सरकारलाई लेखी पठाउनु पर्ने सुझावहरू रहेको छ।

# प्रदेश सभा सदस्यको प्रमुख आतिथ्यतामा आयोगको स्थापना दिवस सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ शाखा कार्यालय खोटाङले आयोगको १९ औं स्थापना दिवसको अवसरमा मिति २०७६ जेठ १३ गते सरोकारवालासँग छलफल तथा शुभकामना आदानप्रदान गरेको छ। उक्त छलफलमा प्रदेश सभा सदस्य माननीय उषाकला राईले प्रमुख अतिथिको आसन ग्रहण गर्दै शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा संविधान सभा पूर्व सदस्य पिके राई, जिल्ला समन्वय समिति खोटाङका प्रमुख बवी चाम्लिङ, उप प्रमुख गोमादेवी खत्री, दिक्तेल रुपाकोट मजुवागढी नगरपालिका प्रमुख दिपनारायण रिजाल, उप प्रमुख विणादेवी राई, प्रमुख जिल्ला अधिकारी विष्णुहरी उपाध्याय र जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू लगायत राजनितीक दलका प्रमुख/प्रतिनिधी, जनप्रतिनिधिहरू, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, स्थानीय संघ सस्थाका प्रमुख/प्रतिनिधीहरू, स्थानीय मानव अधिकारकर्मी, महिला अधिकारकर्मी, दलित प्रतिनिधिहरू र आयोगको सम्पुर्ण कर्मचारिहरू सहित ७३ जनाको उपस्थिति रहेको थियो।

आयोगका मानव अधिकार अधिकृत सुमित्रा देवी राईले आयोगको स्थापनाको इतिहास, आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगबाट भएका कार्यहरूको संक्षिप्त जानकारी सहितको प्रस्तुतिकरण गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन मानव अधिकार अधिकृत सिता रेग्मीले गर्नुभएको थियो।

# जातीय भेदभाव तथा छुवाछुत अन्त्य सम्बन्धमा विभिन्न जिल्लामा अन्तर्क्रिया

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७६ जेठ १९ देखि २५ गते सम्म प्रदेश नं. ५ का जिल्लाहरू रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र पाल्पामा छुट्टाछुट्टै रूपमा जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार सम्बन्धमा विभिन्न सरोकारवालासँग अन्तर्क्रिया सम्पन्न गरेको छ।




अन्तर्क्रिया कार्यक्रमहरूमा आयोगका माननीय सदस्य प्रकाश वस्ती प्रमुख अतिथि रहनुभएको थियो। आयोग प्रदेश नं. ५ का प्रमुख सम्झना शर्माको अध्यक्षतामा सम्पन्न अन्तर्क्रियाहरूमा सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, न्यायिक समितिका प्रमुख, जनप्रतिनिधिहरू, गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, मानव अधिकारकर्मी, दलित अधिकारकर्मी, सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । अन्तर्क्रियाको क्रममा सम्बन्धित सरोकारवालाले जातीय भेदभाव तथा छुवाछुतका विषयमा आ-आफ्ना जिल्लामा रहेका समस्याहरूको समाधान गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

आयोगले पाँचौ रणनीतिक योजनाले सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार भन्ने अवधारणालाई अघि सार्दै आयोग आवाजविहीन समुदायका मानव अधिकारको संरक्षण र संवर्द्धनमा कार्य गर्दै आइरहेको छ। त्यसैगरी मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्राथमिकतामा परेका १८ वटा विषयमा समावेशी विकासलाई समेत जोड दिएको छ । यसै सन्दर्भमा आयोगले गत आर्थिक वर्षमा सात प्रदेशका ७७ वटा जिल्लाहरूमा गरेको अनुगमनबाट जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार अवस्था अधिकांश जिल्लामा समस्याको रुपमा पहिचान गरिएको थियो । सोही प्रतिवेदनका कारण यस विषयलाई आयोगले मानव अधिकारका प्राथमिकताका क्षेत्रमा समावेश गरी लक्षित जिल्लाहरूमा जातीय भेदभावको अवस्था अनुगमन तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ।

# चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन भएन

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७६ असार १२ गते चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा पाचौं कार्ययोजना निर्माण प्रक्रिया सम्बन्धमा विभिन्न सरोकारवालासँग छलफल गरेको छ।




छलफलका प्रमुख अतिथि व्यवस्थापिका संसद कानून, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले नेपालमा संविधान निर्माण सँगै मौलिकहकको दायरा फराकिलो पारिएकोले कानूनी रुपमा मानव अधिकारको अवस्थामा उल्लेख्य सुधार भैरहेको बताउनुभयो । उहाँले सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक अधिकार विश्वमा विरलै मात्र रहेको स्मरण गराउँदै मौलिक हक कार्यान्वयन गर्न आवश्यक सबै कानूनहरूको निर्माण भैसकेको बताउनुभयो । छाउपडी प्रथालाई अपराधको रुपमा परिभाषित गरी गत साउनदेखि लागु गरिएको तर हाल सम्म एउटा पनि उजूरी परेको छैन, उजुरी गर्ने प्रभावकारी संयन्त्र नहुँदा दण्डहीनता कायम रहेको, जात र लैङ्गिक आधारमा विभेद कायमै रहेको बताउँदै उहाँले पाचौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा तीनवटै तहका सरकारको समन्वयात्मक प्रयास आवश्यक रहेको धारणा राख्नु भयो ।



छलफलको क्रममा चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको निष्कर्ष सहभागीहरूले निकालेका छन् । शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, महिला, अपाङ्गता, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, मानव अधिकार शिक्षा, संक्रमणकालीन न्याय, कारागार तथा हिरासतको सुधार लगायतका १८ वटा विषयलाई राष्ट्रिय कार्ययोजनाले प्राथमिकताको क्षेत्रमा राखेको थियो । संविधानको मौलिक हक र मौलिक हक कार्यान्वयन बनेका कानूनहरू लगायत, नेपालको फौजदारी र अपराध संहिता लगायतको कानूनहरूको उपस्थितिले कार्यान्वयनमा प्रयास भैरहेको देखिएको तर व्यवहारिक कार्यान्व्यनको अवस्था अत्यन्त न्यून रहेको बताइएको छ। दलित, सिमान्तकृत, अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच पुर्‍याउने, भर्नादर वृद्धि गर्ने लगायतका लक्ष्य राखिएकोमा अझैपनि पुराहुन नसकेको, यातनालाई कानूनी रुपमा स्वीकार गरिएतापनि अझैपनि नियन्त्रणमा लिने क्रममा दुर्व्यवहार, कुटपिट गर्ने लगायत यातनाका घटनाहरू भैरहेको, सरकारी वकील कार्यालयमा बयान कक्षलाई पीडितमैत्री बनाउने प्रयास व्यवहारमा कार्यान्वयन हुन नसकेको, जेष्ठ नागरिकको स्वास्थ्योपचारमा बुढ्यौली रोग विशेषज्ञ चिकित्सक देशभरीमा एक जना मात्र रहेको, द्वन्द्वपीडितहरूले क्षतिपूर्ति प्राप्त गरेको तर न्याय प्राप्त गर्न नसकेको लगायतका अवस्थाले कार्ययोजना कार्यान्वयन हुन नसकेको सरोकारवालाले बताए ।

राष्ट्रिय कार्ययोजनाको अनुगमन गर्ने संयन्त्रहरू क्रियाशील हुन नसक्दा तल्लोतहका कर्मचारीहरूलाई यस बारेमा जानकारी नै पुग्न नसकेको, अन्तर्मन्त्रालयगत बैठकहरू हुन नसक्दा मानव अधिकारका विषयहरू ओझेलमा परेको, क्रस कटिङ्ग विषय भएकोले सरकारी जवाफदेहिताको अभाव लगायतका समस्याहरू रहेको आयोगको अनुमगनबाट पाइएको आयोगका उपनिर्देशक बुद्धनारायण सहनीले प्रस्तुतिको क्रममा बताउनु भयो ।

चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगको तर्फबाट उपनिर्देशक बुद्धनारायण सहनी र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून तथा मानव अधिकार महाशाखाका सहसचिव कौशलचन्द्र सुवेदीले प्रस्तुतिकरण गर्नुभएको थियो ।

आयोगका अध्यक्ष माननीय अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न छलफलमा आयोगका माननीय सदस्यहरू प्रकाश वस्ती र मोहना अन्सारी, आयोगका निमित्त सचिव मुरारिप्रसाद खरेल, निर्देशक नवराज सापकोटा, उपनिर्देशकहरू, विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू लगायत आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## खोटाङ र सोलुखुम्बु जिल्लामा मानव अधिकार शिक्षा कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ शाखा कार्यालय खोटाङले मिति २०७५ जेठ १९ गते सोलुखुम्बुको श्री सिंहदेवी माध्यामिक विद्यालय तिङलामा र २१ गते खोटाङको श्री विश्वज्योती उच्च माध्यामिक विद्यालय लामीडाँडामा मानव अधिकार शिक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा श्री सिंहकाली माध्यामिक विद्यालय सोलुखुम्बुका प्रधानाध्यापक कुमार खड्कालगायत अन्य शिक्षकहरू एवं कक्षा ९, १० र १२ का विद्यार्थीसहित ११५ जनाको सहभागिता रहेको थियो । त्यसैगरी श्री विश्वज्योती उच्च माध्यामिक विद्यालय लामीडाँडामा आयोजित कार्यक्रममा प्रधानाध्यापक चन्द्रनारायण यादवलगायत अन्य शिक्षकहरू एवं कक्षा ९ र १० का विद्यार्थीहरूसहित ६७ जनाको सहभागिता रहेको थियो । कायक्रममा मानव अधिकारको अवधारणा, बाल अधिकार, अपराध र मानव अधिकार, राष्ट्रिय मानव अधिकार आयोगको स्थापना, काम कर्तव्य र अधिकार र मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका लगायतका विषयमा प्रशिक्षण गरिएको थियो । कार्यक्रमको सहजीकरण राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ शाखा कार्यालय खोटाङका मानव अधिकार अधिकृत सिता अधिकारी रेग्मीले गर्नु भएको थियो ।

## मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा

राष्ट्रिय मानव अधिकार आयोगमा उजूरी गरौं ।

**उजूरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।**

उजूरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानव अधिकार उल्लङ्घनकारीलाई कानूनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

### उजूरी दिने ठेगाना:

राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल

फोन: ०१-५०१००१५ हटलाइन ०१-५०१००००

इमेल: complaints@nhrcnepal.org Website: www.nhrcnepal.org

Facebook: www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal Twitter: @NepalNHRC

### प्रदेश कार्यालयहरु

विराटनगर, मोरङ

फोन: ०२१-४६१०३१ र ४६१०९३, फ्याक्स: ९७७-२१-४६११००, इमेल: nhrcbrt@nhrcnepal.org

जनकपुर, धनुषा

फोन: ०४१-५२७८११ र ५२७८१२ फ्याक्स: ९७७-४१-५२७२५० इमेल: nhrcjnk@nhrcnepal.org

सानेपा, ललितपुर, फोन नं. ०१-५५३०३६२

पोखरा, कास्की

फोन: ०६१-४६२८११ र ४६३८२२, फ्याक्स: ९७७-६१-४६५०४२, इमेल: nhrcpkr@nhrcnepal.org

बुटवल, रुपेन्देही, फोन: ०७१-५४६९११, इमेल: nhrcbtl@nhrcnepal.org

विरेन्द्रनगर, सुर्खेत (प्रस्तावित)

धनगढी, कैलाली, फोन: ०९१-५२५६२१ र ५२५६२२, फ्याक्स: ९७७-९१-५२५६२३, इमेल: nhrcdhn@nhrcnepal.org

#### प्रदेश शाखा कार्यालयहरु

दिक्तेल, खोटाङ्ग, फोन: ०३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org

खलङ्गा, जुम्ला, फोन: ०८७-५२०२२२, इमेल: nhrcjum@nhrcnepal.org

नेपालगञ्ज, बाँके, फोन: ०८२-५२६७०७, फ्याक्स: ०८२-५२६७०६

### मानव अधिकार पत्र प्रकाशन समिति:

संयोजक : दुर्गा पोखरेल

सदस्यहरु: रबिता त्वाती, माया गैरे, डेगराज भट्टराई र मुक्तिराम सुवेदी